# दस लाखमा एक

धन्यवाद तपाईलाई, भाई। धन्यवाद तपाईलाई, भाई शकरियन।

र शुभ प्रभात, मित्रहरु। निश्चय नै यस बिहानमा फेरी पनि यहाँ लस एन्जलसमा हुन पाउदा राम्रो लाग्यो, यो महान सम्मेलनभन्दा अगाडि, र एम्बेसी होटेलमा आउने हप्ताको आउदै गरेको सभामा। म तपाईहरु सबैलाई त्यहाँ हेर्ने अपेक्षा राख्दछु। र हामीहरु सबै हाम्रा प्रभु येशूलाई भेट्ने ठूलो अपेक्षामा छौ, उहाँलाई त्यहाँ देख्नलाई। उहाँ त्यहाँ हुनुहुनेछ भनि उहाँले प्रतिज्ञा गर्नुभयो, "जहाँ दुई वा तिनजा भेला भएका थिए," उहाँ त्यहाँ हुनुहुनेछ।

2 र म पक्का छु कि म यहाँ माथि सभाघरमा आउदै गर्दा मैले उहाँलाई यस बिहानमा भेटे, जब सबै मानिसहरु ठूलो अपेक्षाका साथ, बिहानको नास्ता र बोल्नको लागि पर्खिरहेका थिए। र यहाँ तपाईहरुसँग, र रेडियोक श्रोताहरुसँग भेला हुन असल छ। यहाँ धेरै जना छन्, तिनीहरु...म तल अर्को तल्लामा जानुपर्थ्यो, र केहि मानिसहरुसँग बोल्नुपर्थ्यो। र यति धेरै अनुरोधहरु देखे, हृदयको समस्या, र तिनीहरुको शारीरिक विभिन्न रोगहरु, र यहाँ अब हामी विरामी र दुखीहरुको निम्ति प्रार्थना गर्नको लागि छौ।

3 जसै म भर्याङको माथि पुगे...म अहिले बुढो सज्जनलाई हेर्दैछु। उहाँ म कहाँ आउनुभयो, र भन्नुभयो, "भाई ब्रन्हाम, वर्षौ पहिले..." उहाँले भन्नुभयो कि उहाँलाई मुटुको समस्या यति नराम्रो थियो कि उहाँ... तिनीहरुले उहाँ मर्नेवाला हुनुहुन्छ भनि सोचेका थिए। र उहाँको निम्ति प्रार्थना भयो, अनि परमेश्वरको अनुग्रहले उहाँलाई निको पार्नुभयो। र उहाँ यस बिहान यहाँ हुनुहुन्छ, उहाँको अस्सी वर्षको उमेर तर्फ बढ्दै हुनुहुन्छ, बस आनन्द मनाउदै हुनुहुन्छ। त्यसैले त्यसले हामीलाई नयाँ आशा लिने बनाउछ।

4 र अब म पक्कै पनि मानिसहरुको प्रार्थनाको लागि रेडियोको भूमिमा अनुरोध गर्दैछु, र यहाँ पनि। मैले यो सभा छोडेपछि, म युरोप जाँदैछु, तल अफ्रिका र वरिपरी, सभाहरुमा। र यो एउटा दर्शनबात भएको हो, त्यसैले यो त्यहाँ एउटा महान सभा हुनेवाला छ, म निश्चित छु। र वर्षौसम्म मलाई प्रभुले फर्केर आउनको निम्ति चाहनुहुन्छ भनि महसूस गरे। सानो

विनम्रतापूर्वक, नम्र सेवकाई जुन उहाँले मलाई दिनुभयो, मलाई लाग्दैन कि उहाँले अझै पनि त्यहाँ, पूरा गर्नुभएको छ। यस्तो देखिन्थ्यो कि त्यहाँ कतै एउटा प्राण छ जसलाई मैले सुसमाचारको जालीले समात्न सक्छु, जुन उहाँले मलाई मानिसहरुको निम्ति जाली दिनुभएको छ, ईश्वरीय चंगाईको बाटो, बिरामीहरुको निम्ति प्रार्थना गर्दै। र म निश्चय नै तपाईको प्रार्थनाहरु चाहन्छु, दुवै यहाँ हुनुभएका मानिसहरु र उहाँहरु, जो रेडियो श्रोतामा हुनुहुन्छ।

5 बस एउटा पाठ लिएर प्रचार गर्न मसँग समय छैन, जुन म केहि मिनेट पछि यहाँ—यो...यो सभागृहमा अपेक्षा गर्दैछु, तर केवल तपाईसँग—केहि क्षणको लागि बोल्नको लागि, परिचित हुनको लागि। र बाहिर देशमा भएका मानिसहरुका लागि, म त्यहाँ बाहिर भएकाहरु निम्ति प्रार्थना गर्न जानेछु, तुरुन्तै, र तपाई यहाँ भएकाहरुका लागि पनि। म यी राम्रा नयाँ मित्रहरुलाई भेटेर साचै नै खुसी छु जसलाई मैले पहिले कहिल्यै भेटेको थिईन, बस यस बिहान मात्रै उहाँहरुसँग सम्पर्कमा आएको छु।

6 हामीले अरु ठाउँहरुमा सेवा गरिरहेको बेलामा राम्रो समय बिताईरहेका छौ। म अहिले धेरै बाहिर निस्किने गर्दिन, यो धेरै व्यस्त छ। हामीले केवल जेफर्सनभिल, इन्डियाना र ट्युक्सन, एरिजोनाको सडक तातो राख्ने कोशिष मात्रै गर्दछौ, जहाँ हामी केहि वर्ष पहिले प्रभुको दर्शनद्वारा, त्यहाँ बाहिर सरेका थियौ, जसले हामीलाई त्यहाँ बाहिर पठाउनुभो...म कहाँ जाँदैछु थाहा थिएन। र तपाईहरु धेरै जना यहाँ, क्लिफ्टनमा, मैले छोडेर जानुभन्दा केहि अगाडि मात्रै म तपाईहरुसँग बोलेको थिए, र फिनिक्सको सभामा, जुन दर्शन आएको थियो त्यसको बारेमा भनेको थिए। मैले सात स्वर्गदूतहरु एउटा झुण्डमा देखे।

7 र मलाई थाहा छ, रेडियो श्रोताको लागि, शायद तपाईहरु धेरै जना फुल गस्पलका हुनुहुन्न होला, र यो तपाईको लागि थोरै रहस्यमय लग्न सक्छ। जुन, यो मेरो लागि हुनेछ, तर त्यहाँ...जो कोहि जसले केहि कुरा व्याख्या गर्नसक्दछ, तपाईले त्यसलाई कत्तिपनि विश्वसद्वारा स्वीकार गर्नुपर्छ भन्ने छैन। यो कुराहरु हुन् जुन हामीले व्याख्या गर्नसक्दैनौ, जुन हामीले विश्वासद्वारा स्वीकार गर्नुपर्दछ। हामीले परमेश्वरलाई व्याख्या गर्नसक्दैनौ। कुनै मानिसले परमेश्वरलाई व्याख्या गर्न सक्दैन। उहाँ सार्वभौम हुनुहुन्छ, उहाँ महान र शक्तिशाली हुनुहुन्छ। हामी केवल—हामी केवल

यसलाई स्वीकार गर्दछौ किनभने हामीलाई उहाँ त्यहाँ हुनुहुन्छ भनि थाहा छ। र त्यसपछि हाम्रो विश्वासद्वारा, यसलाई स्वीकार गर्दा, उहाँले हामीमा प्रतिक्रिया फर्काएर ल्याउनुहुन्छ, पवित्र आत्माको बप्तिष्मा।

8 जुन, म बस केहि क्षणमा, "परमेश्वरको" बाटो, वा, "आराधनाको स्थान" को, बारेमा तपाईहरुसँग, बोल्न जाँदैछु। र तपाईले उहाँलाई आराधना गर्न सक्ने एक मात्र ठाउँ, उहाँले तपाईलाई भेट्नुहुने एक मात्र ठाउँ, जसमा...त्यहाँ एउटा मण्डली, एउटा स्थान, एउटा मानिस छ, ती सबै जसमा परमेश्वरले भेट गर्नुहुन्छ। र म आशा गर्छु कि परमप्रभुले तपाईहरुको हृदयमा यो सन्देशको रूपमा आशिष दिनुहुन्छ।

9 अब, ट्युक्सनमा आउँदा, यो अनौठो थियो, ती दर्शनहरुले तपाईमा प्रभुको नाउँमा बोलिरहेका थिए। ती मध्ये एउटा पनि म याद गर्नसक्दिन, म कसैलाई सोध्नेछु यदि उहाँहरुले जुनै पनि बेलामा याद गर्न सक्नुहुन्छ भने, कि उहाँले जे सत्य छ त्यो भन्दा बाहेक अरु केहि कहिल्यै भन्नुभएको थियो। यो सधै उही तरिकामा हुन्छ जस्तो उहाँले हुनेछ भनि भन्नुभएको हुन्छ।

10 र, धर्मशास्त्र अनुसार, उहाँ हामीकहाँ फर्केर आउनुपर्नेछ, यस अन्तिम दिनहरुमा, यस प्रकारको सेवकाईमा। त्यो आत्माको बप्तिष्मा, अन्य भाषाहरुमा बोल्ने, र दिव्य चान्गाई, र त्यस्तै, यी कुराहरु पछि हुनेछ। पेन्टिकोष्टल सन्देशको ढकनी त्यो हो जुन हामीले आज बोलिरहेका छौ। यो ख्रीष्टको सेवकाई आफैले उहाँको मानिसहरुको बीचमा प्रतिरूपण गर्नुभयो, उही नै कामले जुन उहाँले उहाँ पृथ्वीमा हुँदा गर्नुभएको थियो; उहाँको शरीर, दुलही, जो उहाँको हिस्सा हो, उही नै काम गर्दैछिन्, श्रीमान र श्रीमतीको रूपमा, वा राजा र रानी, जुन विवाह समारोहभन्दा ठिक अगाडि हो।

11 यो हप्ता, प्रभुको इच्छा भए, म त्यसमा केहि बोल्न चाहन्छु, यहाँ हाम्रो अभियानमा, एम—एम्बेसी होटेलमा, र यसलाई गर्ने मेरो विनम्र तरिकामा एक प्रकारले परिचित हुनुभयो। त्यो—समय र घडी जुन हामी जिईरहेका छौ, यदि कुनै व्यक्तिलाई कुन बाटो जाने भनेर थाहा छैन भने, के गर्ने वा कसरी फर्कने, तपाई—तपाई कत्ति पनि विश्वासमा हिडिरहनुभएको छैन; तपाई केवल अनुमान गर्दै हुनुहुन्छ, तपाई अनुमान गर्दै हुनुहुन्छ। र *अनुमान* "आधिकारिक अख्तियार बिना अगाडि बढ्नु हो।" त्यसैले यदि

हामीले परमेश्वरले यस घडिमा के हुनेछ भन्नुभएको कुरा चिन्ने वास्तविक आधिकारिक अख्तियार पाएका छैनौ भने, हामी कसरी यो घडिको सामना गर्नेछौ? र हामीले यसलाई सामना गर्नुपर्छ, यो जानेर कि, उहाँको वचनमा विश्वासद्वारा, ती कुराहरु जुन अहिले हुन पर्नेछ, र राष्ट्रहरुको अवस्था, मानिसहरुको अवस्था, मण्डलीको अवस्था, र अन्य त्यस्तै।

12 हामीले त्यो जान्नुपर्दछ, र त्यसपछि कसरी यसको सामना गर्ने भनेर। यदि तपाईलाई यो कसरी गर्ने भनेर थाहा छैन भने, तपाई केवल—केवल जसलाई हामीले बोलाउने गर्थ्यौं, एक प्रकारले, लापरवाही तरिकाले; केवल भित्र उफ्रिने, यो यहाँ हुनेछ भन्ने आशामा, *यो* आशा गर्दै र *त्यो* आशा गर्दै, र "के यो हुनेछ?" तर हामीले त्यसो गरेको परमेश्वरले चाहनुहुन्न। उहाँले यस दिन विषयमा के भन्नुभएको छ भनि हामीले जानेको चाहनुहुन्छ, र त्यसपछि यसलाई विश्वासद्वारा प्राप्त गरेको चाहनुहुन्छ, किनभने उहाँले यो त्यस तरिकामा हुनेछ भनि भन्नुभयो। तब हामी—हामी जान्दछौ कि तपाई सत्य हुनुहुन्छ, किनभने तपाईसँग यसको लागि कुनै व्यक्तिको वचन छैन; हामीले के गर्नुपर्छ भनि तपाईले उहाँको वचन पाउनुभएको छ। र हामी आशा गर्छौं कि हाम्रो स्वर्गीय पिताले—यस हप्ता हामीलाई यो प्रदान गर्नुहुनेछ।

13 अब, म माफी चाहन्छु कि मैले केहि क्षण अगाडि, ट्युक्सनमा आउदैछु भन्ने कुरालाई काटेको छु। र मैले सोचे, आफैमा, कि यो मेरो जीवनको अन्त्य थियो। मैले सोचे कि कोहि पनि कहिल्यै पनि त्यो परिस्थितिको आघात सहन सक्दैन जुन त्यस बिहानमा त्यस दर्शनमा भएको थियो, करिब दस बजे घरमा, त्यस पछि कहिल्यै जिउन बाँच्न सक्षम हुनेछैन। किन, म ट्युक्सनमा आएँ, मेरो छोरासँग प्रबन्ध गर्दै, मेरी श्रीमती र—र छोराछोरीहरु म गए पछि उहाँसँग जानको लागि, किनभने मैले सोचेको थिए कि यो मेरो अन्त्य हो। र म, फिनिक्समा र यो हुनुभन्दा अगाडि धेरै सभाहरुमा, मैले तपाईलाई यो कसरी हुनेछ भनि भनेको थिए।

14 ठिक छ, केहि महिना पछाडि, म एक बिहान माथि सबिनो डाँडामा थिए, जुन ट्युक्सनको ठिक उत्तरमा छ। म त्यहाँ माथि प्रार्थना गर्नको लागि गएको थिए। र म प्रार्थना गर्दै गर्दा, मैले मेरो हात माथि हावामा, यसो भन्दै राखिरहेको थिए, "पिता, म प्रार्थना गर्छु कि तपाईले मलाई कुनै तरिकाले सहायता गर्नुहुनेछ, मलाई बल दिनुहोस्, यस घडीको लागि जुन मैले अहिले सामना गरिरहेको छु। र यदि यस पृथ्वीमा मेरो काम सक्किएको

छ भने, तब म तपाई कहाँ आउनुपर्दछ। र यो होइन कि म आएकोमा पछुतो मान्छु, तर मलाई थाहा छ कि तपाईले मेरो परिवारको ख्याल राख्नुहुनेछ। र म—म केवल यस घडीको लागि बल माग्दैछु।" र केहि कुराले मेरो हातमा प्रहार गर्यो!

15 अब, रेडियो श्रोताहरु, शायद मैले भनेको कुरा अनौठो देखिन सक्छ, तर यो सत्य हो। र परमेश्वर मेरो न्यायकर्ता हुनुहुन्छ।

16 मैले मेरो हातमा हेरे, र त्यहाँ एउटा तरवार थियो, हातको भागमा म्यान थियो। र ह्यान्डल आफै मोतीले बनेको थियो, र ह्यान्डलको भागमा सुनको जस्तो गार्ड जस्तो देखिन्थ्यो। र—चक्कु आफैमा यो एक प्रकारको चम्किलो जस्तो देखिन्थ्यो, ओ, यो वर्णक जस्तो केहि वा सूर्यमा चम्किरहेको जस्तो थियो।

17 अब, यो बिहान करिब दस वा एघार बजेको थियो, माथि एउटा डाँडाको टुप्पोमा, तपाईले कल्पना गर्नसक्नुहुन्छ कि कसरी एउटा व्यक्तिले (कि मलाई लाग्छ कि म मेरो दिमागमा ठिक छु) त्यहाँ कतैबाट तरवार लिएर उभिरहेको महसूस गर्नुहुनेछ, मानिसहरु माइल र माइलसम्म, त्यो तपाईको हातमा समाईरहनुभएको छ। मैले यसको बारेमा महसूस गरे, ब्लेड लिए र पछाडि र अगाडि हल्लाए, र, किन, यो एउटा तरवार थियो।

18 मैले चारैतिर हेरे। मैले भने, "ठिक छ, अब, त्यो कहिल्यै कसरी हुनसक्छ? यहाँनिर म उभिरहेको छु, ठिक, यहाँनिर, र माईल देखि माईलसम्म वरिपरी कोहि पनि छैन, अनि त्यो कहाँबाट आयो?" र मैले भने, "ठिक छ, म—मलाई लाग्छ शायद यो—प्रभुले मलाई यो नै मेरो अन्तिम समय भनिरहनुभएको छ।"

र एउटा आवाज बोल्यो र भन्यो, "यो परमप्रभुको तरवार हो।"

19 र मैले सोचे, "ठिक छ, एउटा तरवार, त्यसपछि यो...एउटा राजाको जस्तै, योद्धाको लागि," तपाईलाई थाहा छ, कसरी तिनीहरुले बेलायत र भिन्न ठाउँहरुमा कस्तो गर्ने गर्थे। मैले सोचे, "त्यो त्यसैको लागि थियो, योद्धाको लागि।" र मैले सोचे, "ठिक छ, शायद मैले मानिसहरुमा हात राख्न पर्ने थियो, वा..." मसँग सबै प्रकारका थिए...मानव दिमाग सबै गडबड हुन सक्छ, तपाईलाई थाहा छ। तपाईलाई थाहा छैन। हाम्रो दिमाग सिमित छ; उहाँ असिमित हुनुहुन्छ। त्यसैले, र जस्तो म थिए, यो... त्यसपछि यसले मेरो हात छोड्यो र मलाई थाहा थिएन यो कहाँ गयो,

केवल गायब भयो। किन, यदि एउटा व्यक्तिले थोरै आत्मिक कुराहरुको बारेमा जानेको थिएन भने, तपाई—तपाई त्यसरी पागल बन्नुहुन्छ। तपाई त्यहाँ उभिरहनुभएको छ, के भयो भनेर सोच्दै।

20 र उहाँले भन्नुभयो, "दर्शन तिम्रो अन्तिम समय होइन। यो तिम्रो सेवकाईको लागि हो। त्यो तरवार वचन हो। सात मोहोरहरु खोलिनेछ, त्यसको रहस्यहरु..."

21 र त्यसपछि दुई हप्ता पश्चात, वा दुई महिना, त्यस्तै, त्यसपछि, म मित्रहरुको समूह सहित माथि डाँडामा थिए जब यो सबै भएको थियो। सात स्वर्गदूतहरु, जत्तिको स्पष्ट रूपमा तपाई यह उभिरहनुभएको छ, स्वर्गबाट झरेर तल आए। डाँडामा भएको चट्टान गुल्टियो र डाँडाबाट तल झर्यो, र—र त्यहाँ उभिरहेका मानिसहरु कराउदै र जाँदै थिए, तपाईलाई थाहा छ, र जताततै धुलो उडिरहेको थियो। र जब यो भयो, उहाँले भन्नुभयो, "आफ्नो घर फर्क। अब, हरेक स्वर्गदूत सात मोहोरहरु मध्येको एक मोहोर हुनेछ।

22 जुन, यो टेपमा छ। र यो पुस्तक चाडै नै बाहिर आउनेछ, अहिले यो एक प्रकारले व्याकरण गरिएको छ। जस्तो तपाईलाई थाहा छ, मेरो व्याकरण धेरै राम्रो छैन, र मानिसहरुले बुझ–...तपाई केवल मलाई प्रेम गर्ने र मेरो व्याकरणमा कसरी बुझ्ने भन्ने मानिसहरु हुनुपर्दछ। तर केहि धर्मशास्त्रीहरुले यसलाई मेरो लागि व्याकरण गर्दै हुनुहुन्छ, र सबै निकाल्दै—निकाल्दै... ठिक छ, शायद मैले त्यहाँ गलत शब्द भनेको थिए होला। मलाई यो थाहा समेत थिएन। त्यसैले, मैले कोहि हासिरहनुभएको सुने, त्यसैले मलाई लग्यो "व्याकरण" सहि थिएन होला। तर डचम्यानले जस्तै, तपाईले मलाई मैले भनेको कुराको अर्थको लागि लिनुहोस् न कि मैले भनेको कुराको लागि, हुनसक्छ।

23 र अब यो मात्रै तिन मिनेट बाकी छ, मलाई भनिएको छ, कार्यक्रमको समापनमा।

24 अब, तपाई रेडियोमा भएको प्रिय मानिसहरु, र तपाई श्रोताहरु जो बिमार र खाँचोमा हुनुहुन्छ, हामीले बिरामीहरुको निम्ति अहिले प्रार्थनाको वचन गर्दै गर्दा के तपाई केवल एक अर्कामा हात राख्नुहुन्छ अहिले। अब, येशूले भन्नुभयो, मण्डलीलाई उहाँको अन्तिम आज्ञा, "विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछ।" "तिनीहरु," विश्वास गर्नेहरु! "यदि तिनीहरुले आफ्नो

हात बिरामी माथि राखे भने, तिनीहरु निको हुनेछन्।”

25 प्रिय स्वर्गीय पिता, हामीहरु आज बच्चाहरु जस्तै हौ, तपाईले गर भन्नुभएको कुरा हामी पालना गर्दैछौ। हामीहरु यी सबै टेलीफोनको अनुरोधहरुमा हात राख्दै छौ। तपाईले तिनीहरुलाई त्यहाँ बाहिर भूमिमा देख्नुहुन्छ, कसरी तिनीहरु खाँचोमा छन्, पिडा भोगिरहेका छन्। तपाईले यहाँ भएका तिनीहरुलाई देख्नुहुन्छ जो खाँचोमा, कष्टमा छन्। र हामी तपाईमा तिनीहरुलाई सुम्पिन्छौ, प्रिय परमेश्वर, तपाईले भन्नुभएको तपाईको वचनमा विश्वास सहित, “विश्वास गर्नेहरुमा यी चिन्हहरु हुनेछन्। यदि तिनीहरुले बिमारहरुमा हात राखे भने, तिनीहरु निको हुनेछन्।” यसलाई प्रदान गर्नुहोस्, प्रभु, येशू ख्रीष्टको नाउँमा। आमेन। [टेपमा रिक्त स्थान—सम्पा।]

[भाई ब्रन्हामले पहिलो रेडियो प्रसारण अन्त्य गर्नुहुन्छ—सम्पा।]

☆ ☆ ☆ ☆ ☆ ☆ ☆

26 धन्यवाद, भाई शकरियन। फेरी पनि प्रसारणमा आउन पाउनु पक्कै पनि ठूलो सौभाग्य हो, रेडियोमा हुनुभएका केहि हाम्रा मित्रहरुसँग बोल्नको लागि, यहाँ उपस्थित हुनुभएकाहरुका लागि पनि।

27 र हामी निश्चय नै यो निमन्त्रणा तपाईलाई विस्तार गर्दैछौ, भोलि दिउसोमा एम्बेसी होटेल आउनको निम्ति, प्रार्थना गरिनको निम्ति। र त्यो मात्रै होइन, तर उहाँहरुलाई ल्याउन जो पापी हुनुहुन्छ र तिनीहरु जो विश्वासमा पछि हट्नुभएको छ। यदि हामीले केवल बिरामीहरुको निम्ति प्रार्थना गर्छौं, र परमेश्वरले निरन्तर रूपमा ठूला आश्चर्यका कामहरु गरिरहनुभएको देख्दछौ, तर त्यो दोस्रोमा हो। मुख्य कुरा परमेश्वरको आत्माले भरिएर, बचाईनु हो, जुन म यहाँ केहि क्षणमा तपाईहरुको माझमा बोल्न जाँदैछु, र हामी कसरी परमेश्वरको आत्माले भरिनुपर्दछ भन्ने कुराको लागि पर्याप्त छ।

28 र ईश्वरीय चंगाईले सामान्यतया मानिसहरुको ध्यान खिच्दछ, र तिनीहरुलाई परमेश्वरको उपस्थितिमा ल्याउदछ। जब परमेश्वरले केहि गर्नुहुन्छ जुन—जुन तिनीहरुलाई थाहा छ कि–...ठिक छ, यो बुझिएको छैन। यो कसरी गरिन्छ भनि हामीले यान्त्रिक रूपमा देखाउन सक्दैनौ। परमेश्वरले यो उहाँको आफ्नै महान तरिकामा गर्नुहुन्छ। त्यसपछि त्यसले मानिसहरुको ध्यान आकर्षित गर्छ, यो जान्नको लागि कि त्यहाँ कहिँ

शक्तिको उपस्थिति छ, जसले केहि गर्न सक्दछ जुन मानिसको समझभन्दा बाहिर छ, र जसले तिनीहरुलाई परमेश्वरको थूमालाई हेर्नको निम्ति प्रेरित गर्दछ। र सधै, ईश्वरीय चंगाई, मलाई भनिएको छ, र म विश्वास गर्छु, आफैमा, कि लगभग साक्षीको बीचमा, शायद, र सत्तरी प्रतिशत, हाम्रो प्रभुको सेवकाई, ईश्वरीय चंगाईमा थियो। र उहाँले त्यो मानिसहरुलाई आकर्षित गर्नको लागि गर्नुभयो। त्यसपछि जब तिनीहरु त्यहाँ थिए, उहाँले भन्नुभयो, "म उही हुँ भनि तिमीहरुले विश्वस नगरेसम्म, तिमीहरु आफ्ना पापमा नाश हुनेछौ।"

29 अब, ईश्वरीय चंगाई एउटा ठूलो चित्रको कार्ड मात्रै हो, मानिसहरुलाई प्रभु येशू तर्फ हेर्ने बनाउनको निम्ति। र डाक्टर एफ.एफ. बोस्वोर्थ, जो तपाईहरु मध्ये धेरै हुनुहुन्छ, उहाँसँग एक मित्र हुनुहुन्थ्यो, र उहाँले चिन्नुहुन्थ्यो, र एउटा जवान सेवकको नाताले उहाँको सेवकाई मेरो लागि एकदमै महत्वपूर्ण थियो। म मेरो सभाहरुबाट शुरू गरे, र म भाई बोस्वोर्थकहाँ दौडेर गए। उहाँले भन्नुहुन्थ्यो, "ईश्वरीय चंगाई," यो अहिले एउटा कच्चा सानो भनाई हो, उहाँले भन्नुभयो, "ईश्वरीय चंगाई माछाको अन्कुसेको चारा हो।" भन्नुभयो, "तपाईले कहिल्यै पनि माछालाई अन्कुसे देखाउनुहुदैन। तपाईले उसलाई चारा देखाउनुहुन्छ, र त्यसपछि ऊ चारोको पछि लाग्छ र अंकुसेमा जान्छ।" त्यसैले हामीले गर्न खोजेको त्यहि नै हो। त्यो हाम्रो... हामी...हाम्रो उदेश्य मानिसहरुलाई प्रभु येशू ख्रीष्टमा ल्याउनु हो। र उहाँ हिजो, आज, र सधैंभरी एक समान हुनुहुन्छ। त्यसैले यदि उहाँ विगतका दिनहरुमा चंगाईदाता हुनुहुन्थ्यो भने, उहाँ आज पनि चंगाईदाता हुनुहुन्छ।

30 रेडियोमा भएका बिरामीहरुको निम्ति प्रार्थना गर्नुभन्दा अगाडि मात्र एउटा व्यक्तिगत गवाहि भन्छु। यो केहि दिन अघि थियो, म माथि एउटा डाँडा बसिरहेको थिए जहाँ एउटा महान घटना घटेको थियो त्यहाँ पन्ध्र वा बिसजना दाजुभाईहरुको अगाडि त्यहाँ, जहाँ परमप्रभुको स्वर्गदूत त्यहाँ तल आउनुभयो, र ठूलो ज्योति एउटा धूमकेतु जस्तै उड्दै, पहाडहरुबाट वरपर फुट्दै, र चट्टानहरु दुई सय फिटसम्म उडिरहेको थियो, वा त्योभन्दा बढि, त्यहाँ पारी, रूखहरुको टुप्पो काट्दै थियो। र म ठिक यसको मुनि उभिरहेको थिए। र यो हुनुभन्दा केहि महिना अगाडि मैले उहाँहरुलाई भनेको थिए, यो त्यहाँ हुनेछ र के घटना घट्नेछ; स्पष्ट रूपमा, यो एक दिन अगाडि भनिएको थियो। र यी सबै पुरुषहरु ट्रक र सबैकुराहरुको मुनि दौडीरहनुभएको थियो, यसबाट टाढा जाने कोशिष गर्दै हुनुहुन्थ्यो। के घटना

भएको छ त्यो उहाँहरुलाई थाहा थिएन। र ठिक यस पश्चात तुरुन्तै के हुनेछ भनि उहाँले बोल्नुभयो र भन्नुभयो।

31 त्यहाँ यो निश्चित चट्टानमा बसिरहेको, ठिक जहाँ उहाँ देखा पर्नुभएको थियो, मेरो एउटा—एउटा मित्र हुनुहुन्थ्यो जो हामीसँग हुनुहुन्थ्यो, जुन मिनेसोटाबाट तल आएको थियो। उहाँको मानिसहरु यस बिहानमा यहाँ हुनुहुन्छ र म निश्चित छैन तर उहाँ शायद यहाँ कुनै अरु तल्लामा हुनसक्नुहुन्छ। त्यो डोनाभोन वेट्र्स थियो, र एउटा राम्रो जवान साथी थियो, एउटा लूथरन जसले भर्खरै आफ्नो जीवन ख्रीष्टलाई दिनुभो र आत्माले भरिनुभएको थियो। अति नम्र जर्मन केटा, करिब तिस वर्षको, परिवार, दुई वा तिनवटा बालबच्चा भएको। उहाँ तल ट्युक्सनमा मसँग छिमेकी हुनकै लागि सर्नुभयो, जहाँ तिन वा चार सयजना छिमेकी हुनको लागि आउनुभयो। त्यसैले उनले...

32 र त्यस्ता छिमेकीहरु पाएकोमा म खुसी छु। उहाँहरुले मलाई दक्षिण अफ्रिकाबाट पछ्याउनुभयो, र जतातत्तैबाट, बस नजिक हुन र देख्नको लागि...मसँग, र मसँग रहन र परमप्रभुको आनन्दमा रमाउन।

यति एउटा नम्र मित्र, मैले उहाँलाई कहिल्यै पनि ध्यान दिएको थिईन।

33 निस्सन्देह, मैले चिनेका र संगत भएका मानिसहरु मेरो आफ्नै दाजुभाई, बहिनी जस्तै छन्। म उहाँहरुलाई हेर्छु, र हेर्छु को, यदि मलाई लाग्छ कि उहाँहरु रेखाबाट बाहिर निस्कदैछन्, र उहाँहरुलाई बाहिर एकातर्फ लान्छु र तिनीहरुसँग कुरा गर्छु, किनभने म उहाँहरुलाई प्रेम गर्छु। हामी महिमामा सँगै बस्न चाहन्छौ। र कहिले काही शायद, सभाहरुमा, तपाई सोच्नुहुन्छ म तपाईको अगाडि कठोर बोल्छु। त्यो यहाँबाट होइन... त्यो यसकारणले होइन कि मैले तपाईलाई प्रेम गर्दिन, तर यो मेरो हृदयबाट आएको हो, किनभने म—म...यो केवल एउटा तरिका हुनुपर्छ। त्यहाँ केवल एउटा मात्रै बाटो छ परमेश्वरलाई सेवा गर्ने, र त्यो...र हामी उहाँको बाटोमा रहनै पर्छ, चाहे हाम्रो विचार जे सुकै किन नहोस्। उसको बाटो!

34 र मैले डोनाभोनलाई याद गरे, उहाँको कानको दाहिने टुप्पोमा, त्यो सुन्निएको थियो शायद तिन गुणा आकारको थियो, र एकदम रातो देखिएको थियो। ठिक छ, शायद त्यो सोच्दा, त्यहाँ मरुभूमिमा केहि दिनहरुको लागि, त्यहाँनिर जहाँ हामी पुगेका थियौ, हुनसक्छ उहाँको कानमा केहि सिऊडी थियो होला। तर, उहाँको हात समातेर, मैले त्यो क्यान्सर हो

भनि थाहा पाए। त्यसैले मैले डोनाभोनलाई भने, मैले भने, “डोनाभोन, के तपाई...कहिलेदेखि त्यो तपाईको कानमा छ?” केवल एक प्रकारले उहाँलाई फाल्नको लागि, मलाई थाहा थिएन जस्तो गरी भने। मैले भने, “यो त्यहाँ भएको कति समय भयो, डोनाभोन?”

उहाँले भन्नुभयो, “भाई ब्रन्हाम, करिब छ महिनासम्म,” उहाँले भन्नुभयो।

मैले भने, “तपाईले मलाई किन यो उल्लेख गर्नुभएन?”

35 उहाँले भन्नुभयो, “ओ, तपाई यति व्यस्त देखेर,” भन्नुभयो, “मलाई—मलाई यो गर्न मन लागेन।” भन्नुभयो, “मैले त्यसबेलामा सोचेको थिए कि शायद कुनै समय प्रभुले तपाईलाई भन्नुहुनेछ।”

त्यसैले मैले भने, “के तपाईलाई थाहा छ यो के हो?”

उहाँले भन्नुभयो, “मसँग एउटा राम्रो विचार छ।”

मैले भने, “त्यो सहि हो।”

36 र दोस्रो बिहान, त्यो भन्दा बढि होइन, केटाको हात समातेर, दोस्रो बिहान, उहाँको कानमा दाग समेत थिएन। यो पूर्ण रुपले हराएको थियो।

37 धेरै पटक हामीले प्रयास गर्छौं, र *यो, त्यो* पाउने कोशिष गर्छौं। वा... हेर्नुहोस्, यो, “यी चिन्हहरुले विश्वासीलाई पछ्याउनेछन्।” यसले यो भनेन “यदि तिनीहरुले बिरामीहरुको निम्ति प्रार्थना गरे भने।” “यदि तिनीहरुले बिरामी माथि हात राखे भने, तिनीहरु निको हुनेछन्!” हामीमा विश्वास हुनुपर्दछ, आफैमा, हामीले के गरिरहेका छौ त्यसमा। ठिक छ।

38 त्यसैले अब डोनाभोन शायद यहाँ हुनुहुन्छ। तपाईले उहाँलाई भेट्नुहुनेछ। उहाँ यहाँ हुनुहुनेछ, यदि उहाँ आज बिहान यहाँ हुनुहुन्न भने, कुनै तल्लामा हुनुहुन्छ होला। तपाईले उहाँलाई भेट्नुहुनेछ, र उहाँलाई गवाही थाहा हुनेछ।

39 र मैले यो भन्दा बढि के भन्न सक्छु र? म विश्वास गर्छु कि लूका, वा यूहन्ना, एउटाले, भनेका थिए कि संसारले सक्दैन...पत्रन, यस अन्तिम दिनहरुमा उहाँले मानिसहरुको माझमा के गर्नुभयो भनि लेख्न सकिने पुस्तकहरु समावेश गर्दछ; कसरी बिरामीहरु निको पारीए, रक्सी पिउनेहरुले छुट्कारा पाए, हजारौको संख्यामा, र सबै खालका रोग र पिडाहरु।

40 अब, तपाई बाहिर रेडियोमा हुनुहुनेहरु, साथै यहाँ, म यहाँ अहिले धेरै मुट्ठीभरको अनुरोधहरु समातिरहेको छु जुन आज बिहान फोनबाट आएको थियो, हामी यहाँ भएको दिन देखि निरन्तर घन्टी बजिरहेको छ। र त्यसैले हामी...एक सय छयानब्बे अनुरोधहरु, फोन मार्फत यस बिहान आएको छ, जब देखि हामी यहाँ छौ। त्यसैले आउनुहोस् हामी सबै प्रार्थनामा सामेल हौ...तपाई जहाँ कहिँ पनि हुनुहुन्छ, देशमा, एक अर्कामा आफ्नो हातहरु राख्नुहोस्, यदि तपाई विश्वासी हुनुहुन्छ भने। यदी हुनुहुन्न भने, तपाईको हात बाईबल वा त्यहाँ केहिमा राख्नुहोस्, जब हामी यहाँ र त्यहाँ प्रार्थना गर्दै गर्छौं।

41 प्रिय स्वर्गीय पिता, डोनाभोन वेट्र्सको सानो गवाही, बस हजारौ मध्येमा एक, प्रभु, कि तपाईले यदि अनुग्रही रुपमा...म प्रार्थना गर्दछु कि तपाईले यहाँ र रेडियोको भूमिमा भएका मानिसहरुको तल हृदयमा हेर्नुहुनेछ। र तिनीहरु, सबैजना, चंगाई भएको होस्। दुष्टले तिनीहरुलाई छोडेको होस्, र तिनीहरुले आफ्ना सबै दुखबाट छुटकारा पाएका होऊन्। प्रदान गर्नुहोस्, पिता। तपाईकोपुत्र, येशू ख्रीष्टको नाउँमा, हामी यो माग्दछौ। आमेन।

धन्यवाद, प्रभु...[टेपमा रिक्त स्थान—सम्पा।]

[भाई ब्रन्हामले दोस्रो रेडियो प्रसारण अन्त्य गर्नुहुन्छ—सम्पा।]

☆ ☆ ☆ ☆ ☆ ☆ ☆

42 ठिक छ, यो मेरो लागि यस बिहान माथि यहाँ तिन पटक हो। मेरो! र, तपाईलाई थाहा छ, हामीलाई भर्खर भनियो कि लगभग बाह्रमा, चौध मिनेट, वा केहि त्यस्तैमा भवन खाली गर्नुपर्छ। र व्यवस्थापनले भन्यो, अर्को तल्लामा त्यहाँ को हुनुहुन्छ, र उहाँहरुले कुनै खाना खुवाउन सक्नुहुन्न। हाम्रो खाना लम्बियो। हामीसँग धेरै पाठ्यक्रमहरु छन्, तपाईलाई थाहा छ। त्यसैले हामी धेरै, धेरै खुसी छौ कि हामीसँग यो महान आत्मीक, असल भोजनको जयन्ती छ, जस्तो म यो भन्न रुचाउछु, यी असल मानिसहरुको झुण्डमा यस बिहान यहाँ।

43 म—म उल्लेख गर्न चाहन्छु कि हामी...फेरी सेवाहरु, भोलि दिउसो, एम्बेसीमा। अब, हामीहरु त्यहाँ बिरामीहरुको निम्ति प्रार्थना गर्नेछौ, र परमेश्वरले हामीलाई भेट्नुहुनेछ भनि अपेक्षा गरिरहेका छौ। र म मेरो भाग, मेरो सेवकाई, यस सभालाई सफल बनाउनको लागि (हामीले गर्न सक्ने

सबै) दिन आएको हुँ। सफल यस हेतुले होइन कि यो हाम्रो सभाहरु हो, तर येशू ख्रीष्टलाई मानिसहरुले भेट्टाउने सफलता हो। त्यो नै सफलता हो। कुनै पनि सभा, चाहे हामीले परमेश्वरको जतिसुकै प्रशंसा गरे पनि, जतिसुकै महान् कामहरु उहाँले गर्नुभएको हामीले देखे तापनि, कति पटक उहाँले हामीलाई आत्मामा बोल्नुभयो, र अन्य त्यस्तै; जबसम्म त्यहाँ केहि कुरा पूरा हुदैन, केहि प्राणहरु राज्यमा ल्याईन्छ!

44 र भाई शकरियनले भर्खरै एउटा—एउटा वास्तविक भनाई गर्नुभयो हामी—हामी जिईरहेका यी दिनहरुको बारेमा उहाँले के सोच्नुभएको थियो। म साच्चै नै त्यो विश्वास गर्छु मेरो सम्पूर्ण हृदयले, कि हामी बस समापनको घडीमा जिईरहेका छौ, केवल—केवल साँझको छायामा। सूर्य धेरै अगाडि बढिसक्यो। र जब हामीले ती कुराहरु भईरहेको देक्छौ जुन तरिकामा आज भईरहेको छ, किन, अर्को पुस्ताले के ल्याउला भनि भन्न गाह्रो छ। केहि दिन अगाडि...

45 केवल मलाई तपाईलाई सानो भित्रको केहि दिन दिनुहोस्। तिनीहरुले एरिजोना भरीका सबै विद्यालयमा विश्लेषण गरे, जहाँ म बस्छु। तिनीहरुले बालबालिकाहरुलाई, अन्जानमा तिनीहरुले, मानसिक जाँच दिए। र अनुमान गर्नुहोस् के भयो? उच्च माध्यमिक विद्यालयहरु र—र व्याकरण विद्यालयहरु सहित, त्यहाँ अस्सी प्रतिशत बच्चाहरु मानसिक कमजोरीबाट ग्रसित थिए। ती मध्ये सत्तरी प्रतिशत टेलिभिजन दर्शकहरु थिए। हेर्नुहोस्, दुष्टहरु, ती केवल हामीमा चिप्लिए र हामी गर्दैनौ...तपाईलाई अचम्म लाग्छ यो किन आउँछ। तपाईले परमेश्वरको आवाजले यसको विरुद्धमा कराईरहेको सुन्नसक्नुहुन्छ, र यद्धपि यहाँ हामी—हामी आफैलाई यसमा जालमा फसेको पाउछौ।

46 म तपाईलाई चकित पार्ने कुरा दिन्छु। हेर्नुहोस्, "मलाई 'प्रभु, प्रभु,' भन्ने सबै प्रवेश गर्नेछैन; तर त्यो जसले मेरो पिताको इच्छा पूरा गर्दछ।" उहाँको इच्छा उहाँको वचन हो। हामी धेरै धार्मिक हुन सक्छौ, महान समय बिताउन सक्छौ, कराउन, उफ्रिन सक्छौ, यी सभाहरुमा, जुन हामी... म—म आलोचनात्मक बन्न चाहन्न। तर मैले परमेश्वरलाई गर्नु पर्ने एउटा—एउटा कर्तव्य छ, र त्यो कर्तव्य इमानदार हुनु हो र उहाँले मैले भनोस् भनि चाहेको कुरा भन्नु हो। र म—म निश्चित रूपमा क्यालिफोर्निया अध्यायको लागि आभारी छु जसले मेरो विश्वासमा—मलाई सहन गर्नुभएको छ। यदि

मैले मेरो विश्वास बोलिन भने, म पाखण्डी हुन्छु र म, म तपाईको अगाडि इमानदार समेत हुँदिन। र यदि म तपाईसँग इमानदार हुन सक्दिन भने, कसरी म परमेश्वरको अगाडि इमान्दार हुन सक्छु? किनकि म तपाईलाई देख्छु र तपाईसँग बोल्छु। अवश्य पनि, हामी गर्छौं, परमेश्वर, पनि, तर हामी वास्तवमै इमानदार र एक अर्का प्रति सच्चा हुनुपर्दछ। हामी पक्कै पनि एउटा—एउटा भयानक, भयानक युगमा छौ। र के तपाईले कहिल्यै रोक्नुभएको छ...

47 केवल तपाईलाई मैले एउटा सानो विश्लेषण दिनेछु। "मलाई 'प्रभु, प्रभु,' भन्ने सबै, त्यहाँ प्रवेश गर्नेछैन; तर मेरो पिताको इच्छा पालन गर्ने मात्रै जानेछ।" येशूले, पृथ्वीमा भन्नुभयो, "मानिस रोटिले मात्रै होईन, तर हरेक वचनले बाँच्दछ।" हरेक वचन! अहिले र पहिले मात्रै होइन, एउटा वचन, तर हरेक वचनले।

48 यो एउटा वचन अविश्वास गरियो, परमेश्वरद्वारा...परमेश्वरको आज्ञाहरुद्वारा, त्यसले मृत्यु, शोक, र हरेक विमार र हृदय दुख्याई ल्यायो, परमेश्वरको वचनमा चुकेको हुनाले, एउटा वचन! यदि उसले पुरै जातिलाई मृत्युमा लग्यो भने, एउटा गल्ती, एउटा वचन अविश्वास गर्नाले, "निश्चय नै," पक्कै पनि। तर उहाँले यो हुनेछ भनि भन्नुभएको थियो। शैतानले भन्यो, "निश्चय नै यो हुनेछैन।" तर यो भयो।

49 त्यसैले, हामीले परमेश्वरको हरेक वचनलाई पालन गर्नुपर्दछ। र यदि मानव र सबै यी दुखहरु र कुराहरु जुन मानव जातिमा गयो, गलत अर्थ लगाएर, या—या एउटा वचनलाई गलत विश्वास गर्दा, कसरी एउटालाई छुट्टाएर हामी फर्केर जादैछौ, यदि यसले यो सबै मूल्य चुकाउने बनाउदछ, यहाँसम्म कि उहाँको पुत्रको जीवन समेत?

*...धेरै जना बोलाईएका छन्,...थोरै चुनिएका छन्।*

*...धेरै जना बोलाईएका छन्,...थोरै चुनिएका छन्।*

50 म यसबाट पाठ लिन सक्दिन, तर, किनकि हामीसँग समय बाकि छैन, तर केवल तपाईसँग केहि छोड्नको निम्ति।

51 आउनुहोस् हामी सोचौ...म एकदिन भाई शकरियनसँग गए, जहाँ उहाँहरुले गाईवस्तुलाई संकर गर्दै हुनुहुन्थ्यो। र मैले त्यो—जुन... प्रयोगशालामा देखे जहाँ भाई शकरियनले मलाई लानुभयो। तिनीहरुले गोरुको शुक्रकिटलाई डुबाएर राखे, केहि समयको लागि...एउटा सानो

यन्त्र जस्तै, एउटा सल्काको डाँठ, र त्यो शुक्रकिटको गुच्छा लिए, र यो शिशाको मुनि राखे जसले यसलाई सयौ गुणा आवर्धन गर्यो। र त्यहाँ सानो जीवाणु उफ्रिरहेको थियो, त्यस शुक्रकिटमा। जुन, हामीलाई थाहा छ कि जीवाणु पुरुषबाट आउछ, र अण्डा महिलाबाट आउछ। र मैले त्यहाँ रसायनशास्त्रीलाई सोधे, मैले भने, "के ले त्यसलाई सानो उफ्रिने बनाएको छ?"

उहाँले भन्नुभयो, "त्यो—त्यो साना गोरु र बाछाहरु हो।" बुझ्नुभयो?

र मैले भने, "त्यो सानो थोपामा?"

उहाँले भन्नुभयो, "हो।"

52 मैले भने, "शायद त्यसो भए पूरा वीर्यमा त्यहाँ दस लाख जस्तो होला?"

उहाँले भन्नुभयो, "ओ, हो।" बुझ्नुभयो? अब, नजिकबाट हेर्नुहोस्।

53 अब, जब यो महान कुरा हुन्छ, त्यहाँ एउटा अण्डा छ जसले त्यो दस लाख जीवाणु मध्ये एउटा जीवाणुलाई कुरिरहेको हुन्छ। र त्यहाँ कसैले पनि भन्न सक्दैन त्यो कुन जीवाणु हो त्यो, वा त्यो कुन अण्डा हो। यदि तपाईले प्राकृतिक जन्मलाई हेर्नुहुन्छ भने, यो कन्याको जन्म—भन्दा बढि रहस्यमय छ। किनभने, यो वीर्य, त्यहाँ भित्र एउटा छ जुन जीउनको लागि पूर्व निर्धारीत छ, र बाकि रहेकाहरु मर्नेछन्। र यो पहिलोवालाले भेट्ने होइन; यो त्यो पहिलो वाला हो जो अण्डासँगै आउदछ। हुनसक्छ अण्डा शुक्रकिटको पछाडिबाट, वा शुक्रकिटको बीचबाट उठेको हुनसक्छ; जीवाणुले पनि त्यस्तै गर्न सक्छ, अण्डाले। जीवाणु अण्डामा जान्छ, र त्यसबाट साना पुच्छरहरु खस्छ, र त्यहाँनिर मेरूदण्ड शुरू हुन्छ। त्यहाँ पूरा भारमा केवल एउटा मात्र छ, दस लाखमा एक, जो सफल हुन जाँदैछ, मात्रै एउटा; र त्यो अज्ञात शक्तिले मानिसमा, निर्धारण गर्दछ। अझै पनि, हरेक, उस्तै हुन्छ, ती हरेक जीवाणुहरु उस्तै हुन्छ। उस्तै नै पशुमा पनि हुन्छ। उही कुरा मानिसमा पनि हुन्छ। यसले नै निर्धारण गर्छ कि यो केटा, केटि, रातो शिर भएको, कालो शिर भएको, वा जे केहि पनि। यो परमेश्वरले निर्धारण गर्नुहुन्छ। तिनीहरु सबै उस्तै देखिन्छ, प्राकृतिक रूपमा, तर त्यहाँ एउटा हुन्छ जसलाई जीवनको निम्ति नियुक्त गरेको हुन्छ। दस लाखमा एक, अझै पनि ती सबै उस्तै छन्।

54 जब इस्राएलले मिश्रलाई छोडेर निस्क्यो, त्यहाँ करिब बिस लाख मानिसहरु एकै पटकमा निस्केका थिए। ती हरेकले अगमवक्ताको सन्देश सुने। हरेकले आगोको खामो देखे। तिनीहरु सबैले मोशामा बप्तिष्मा लिए, लाल समुन्द्रमा। तिनीहरु सबैजना आत्मामा—कराए, खैजडी बजाए र किनारको माथि र तल उफ्रिए, मिरियम सँगै, जब मोशाले आत्मामा भएर गीत गाए। तिनीहरु, सबैले, एउटै आत्मिक चट्टानबाट पिए। तिनीहरु, हरेकले, हरेक रात ताजा मन्न खाए। तिनीहरु हरेकले! तर त्यहाँ दुईजना देशमा जान सफल भए, दस लाखमा एक।

55 परीक्षा के थियो? तिनीहरु सबैले एउटै चट्टानबाट पिए, तिनीहरु सबैले आत्मिक मान्न खाए जसरी आज बिहान हामीले खादैछौ, तर वचनको जाँचले तिनीहरुलाई प्रमाणित गर्यो। जब यो कादेश–बर्नियाको समय आयो, जब तिनीहरुले प्रतिज्ञाको देश तर्फ शुरू गरे, र तिनीहरु वचनले नजाचेसम्म त्यहाँ जान सकेनन्। र सबै—बाकी दसजना फर्केर आए, र भने, “हामीले यो गर्न सक्दैनौ! मानिसहरु...हामीहरु तिनीहरुको लागि फट्याङ्ग्राहरु जस्तै छौ, तिनीहरुको महान पर्खालले घेरिएको शहरहरु। विपक्ष अति ठूलो छ।”

56 तर यहोशू र कालेबले मानिसहरुलाई चुप बनाए। उनीहरुले भने, “हामीहरु यो गर्न सक्षमभन्दा बढि छौ!” किन? परमेश्वरले त्यसो भन्नुभयो, तिनीहरु निस्केर आउनभन्दा अगाडि, “मैले तिमीहरुलाई देश दिएको छु। मैले यो तिमीहरुलाई दिएको छु। यो तिमीहरुको हो।” तर यहाँ हरेक दस लाखमा एकजना थियो।

57 त्यहाँ संसारमा आज लगभग पचास करोड तथाकथित इसाईहरु छन्, र हरेक दिन एउटा पुस्त समाप्त हुन्छ। र अब, के हुन्छ यदि र्याप्चर आज आउछ अनि पाच सय मानिस, विश्वव्यापी रुपमा, के र्याप्चरमा उठाई लगिन्थ्यो? तिनीहरु गएको, तपाईले कहिल्यै पनि थाहा पाउनुहुने छैन वा कागजमा देख्न समेत सक्नुहुन्न। र परमप्रभुको आगमन एउटा गुप्त आगमन हो। उहाँ आउनुहुनेछ र चोरेर लानुहुनेछ। यो यति अल्पसंख्यक हुनेछ, जबसम्म...

58 जस्तो त्यो दिनहरुमा भएको थियो जब चेलाहरुले येशूलाई सोधेका थिए, “शास्त्रीहरुले किन एलिया पहिले—आउनुपर्छ भनि भन्छन्?”

उहाँले भन्नुभयो, “उहाँ आईसकेको छ, र तिमीहरुले थाहा पाएनौ।”

59 के तपाईले कहिल्यै सोच्नुभएको छ कि मानिसहरुले के गरे? तिनीहरु मला–...कि माल–...एलिया आउदैछन् भनि विश्वास गर्दै गए। र उनी ठिक तिनीहरुको माझमा थिए, र तिनीहरुले यो थाहा पाएनन्।

60 त्यस्तै नै मानिसको पुत्र आउने समयमा हुनेछ! तिनीहरुले उहाँलाई पनि उस्तै नै गर्नेछन्। परमेश्वरको आत्मा यहाँ हुनुहुन्छ। ठिक छ, हामी यससँग के गर्न जानेछौ? के हामी मन्न खाना जानेवाला छौ, र अन्य त्यस्तै, हामी हुर्किदै जाँदा निरन्तर माथि बढ्दैनौ?

61 के तपाईले एउटा बीउलाई ध्यान दिनुभएको छ, जसरी रेभरेन्ड पिट्सले केहि पल अगाडि बोल्दै हुनुहुन्थ्यो, र कसरी एउटा बीउ जमिनमा जाँदछ? जमिनमा धेरै बीउहरु छन्। जब परमेश्वर पानी माथि परिभ्रमण गर्दै हुनुहुन्थ्यो, उज्यालोसँग, र ज्योति ल्याईयो। परमेश्वरको पहिलो उपस्थिति, बोलिएको ज्योति परमेश्वरको वचनबाट आयो। र परमेश्वरको वचन मात्रै एउटा कुरा हो जसले अझै पनि ज्योति ल्याउदछ। र जब पानी फर्केर जान्छ, बीउ पहिले नै पृथ्वीमा थियो, र ज्योतिले केवल बीउहरु ल्यायो जुन जीवाणु सहित बाकि थियो, अगाडि आयो। परमेश्वर आफ्नो सृष्टि बनाउदै हुनुहुन्छ।

62 र अब, इस्टरको बिहानमा त्यहाँ अर्को ज्योतिले पृथ्वीमा प्रहार गर्यो, जब पवित्र आत्मा दिईयो। र ती बीउहरुमा ज्योति ल्याउनको लागि दिईएको हो जुन परमेश्वर, उहाँको पूर्वज्ञानद्वारा, जान्नुभएको थियो कि त्यो यहाँ पृथ्वीमा हुनेछ। जसरी उहाँले पहिलो प्राकृतिक बीउलाई चिन्नुभयो, आत्मिक बीउ कहाँ छ भनि उहाँलाई थाहा छ। तपाईको शरीर ठिक यहाँ त्यसबेला पृथ्वीमा रहेको थियो, जब परमेश्वरले पहिलो पटक पृथ्वीलाई अस्तित्व ल्याउनुभयो। हामीहरु पृथ्वीको एउटा हिस्सा हौ। हामीहरु त्यहि रहेका थियौ। र उहाँको पूर्वज्ञानले उहाँलाई कसले प्रेम गर्छ र कसले उहाँको सेवा गर्छ, र कसले गर्दैन भन्ने कुरा उहाँलाई राम्ररी थाहा थियो। उहाँको पूर्वज्ञानले त्यो भन्दछ। यदि यो थिएन भने, त्यसो भए उहाँ परमेश्वर हुनुहुन्न। उहाँ असीम नभईकन परमेश्वर हुनसक्नुहुन्न। र यदि उहाँ असीम हुनुहुन्छ भने, उहाँले सबै कुरा जान्नुहुन्छ।

63 त्यसैले, तपाईले मानिसहरुले आफ्नो गल्ती गरेको देख्नुहुन्छ। तिनीहरु यसमा ठेस खान्छन्। तिनीहरु यसमा भाग्छन्, र तिनीहरुले *यो* र *त्यो* भनि सोच्छन्, तर यो सहि तरिकामा काम गर्दैन, हामीले यो देख्छौ।

तर त्यहाँ एउटा काम गर्ने अधिकार छ, त्यो परमेश्वरको सिद्ध इच्छा पाउनु र यसमा खडा हुनु हो, जसको लागि परमेश्वरले तपाईलाई बोलाउनुभयो।

64 जसरी भाई ज्याकले केहि क्षण अगाडि यहाँ तल पर्सिंग स्क्वाएरमा भन्नुभयो, सबै अन्योलताहरु। एउटा *यो* बाटो, र अर्को *त्यो* बाटो; र धर्मशास्त्रीहरुको बारेमा, र त्यस्तै, कि तपाई कुनै धर्मशास्त्र जान्न चाहनुहुन्छ, त्यहाँ तल जानुहोस्।

65 मलाई लाग्छ त्यो लगभग लन्डनको हाइड पार्कमा जस्तै छ। म त्यहाँ तल थिए, सबैको आफ्नै–आफ्नै विचार छ। यो एउटा—यो बेबिलोनको आधुनिक–दिनको संसारको समूह हो।

66 तर के तपाईले याद गर्नुभयो—जसरी भाई पिट्सले आज बिहान उहाँको प्यारो सन्देश हामीलाई दिनुभयो? जसै उहाँ पार्कबाट जान थाल्नुभयो, त्यहाँ उहाँले इस्टरको सानो लिली भेट्टाउनुभयो। "सबै अन्योलताको बीचमा," उहाँले हाम्रो लागि यो ल्याउदै गर्नुहुदा, "'हो' वा 'होइन' भन्ने कुनै तरिका छैन। त्यो परमेश्वरको जीवन चम्किरहेको थियो, सबै अन्योलताको बीचमा।" यो त्यहाँ आफ्नो चमकमा थियो, किनभने परमेश्वरले यसलाई त्यहाँ हुनको निम्ति नियुक्त गर्नुभएको थियो। सबै द्वन्द्वको बीचमा, कसैले यसलाई ध्यान दिएनन्। तिनीहरुले यसको आत्मिक प्रयोग देखेनन्।

67 र त्यस्तै नै छ आज हाम्रा सबै ठूला जमघटहरु र समूहहरु, र मण्डलीहरु र सम्प्रदायहरु, र अन्य त्यस्तैमा। एउटाले *यो* तर्फमा तानिरहेको छ, "हामी ब्याप्टिष्ट हुनुपर्दछ, वा प्रेस्बिटेरियन हुनुपर्दछ, *यो, त्यो,* वा *अर्को* हुनुपर्दछ।" यो सबैको बीचमा, त्यहाँ एउटा फूल फूलिरहेको छ। त्यहाँ परमेश्वरको एउटा शक्ति ठिक हामीहरुको माझमा छ, हामीसबैको बीचमा उठाईएको छ। आउनुहोस् केवल रोकौ र यसलाई हेरौ, केहि मिनेट, र यसलाई यो हप्ता हेरौ, र यो हाम्रो अगाडि प्रकट गरिएको हेरौ। परमेश्वरले यो गर्नुहुनेछ भनि हामी विश्वास गर्छौं। होइन र? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।]

68 म देख्छु कि हामी अहिले सम्म तल भईसकेको हुनुपर्छ। त्यसैले आउनुहोस् प्रार्थना गरौ, हामी प्रत्येकले।

69 प्रिय परमेश्वर, जब तपाईको उपस्थितिमा हामी शिरहरु झुकाउदछौ, हामी महसूस गर्दछौ कि यो माग्नको लागि हामी कति अयोग्य छौ। तर तपाईले

हामीलाई त्यो प्रतिज्ञा गर्नुभयो, यदि हामी आउछौ भने, तपाईले हामीलाई अस्वीकार गर्नुहुनेछैन। र यी रूखो टिप्पणीहरु जुन भर्खरै भनियो, एउटा सिद्धान्त "दस लाखमा एक," हुनको लागि कत्ति पनि भएको होइन, तर केवल एक प्रकारले सम्झनको लागि। किनकि तपाईले भन्नुभयो:

*...ढोका कठिन छ, र बाटो साँघुरो छ,* जसले *जीवनमा डोहोर्याउछ, र थोरैले* मात्र त्यो *भेट्टाउनेछन्।*

*किनकि धेरै जना बोलाईएका छन्, तर थोरै चुनिएका छन्।*

70 ओ अनन्त पिता, सुसमाचारको ज्योति यस शहरभरि पठाउनुहोस्, आउदो हप्ताको अधिवेशनको माध्यमबाट। र यदि त्यहाँ कुनै बीउ छ भने, कुनै तरिकामा तपाईको आफ्नै महान, विवेकशील दूरदर्शीद्वारा, जस्तो कि यसलाई पुरुष र महिलामा वीर्यको चित्रण गर्न खोजेको जस्तै, तिनीहरु अधिवेशनमा आउन सकेको होस्। पवित्र आत्माले तिनीहरुलाई ज्योति दिनुभएको होस्। हामीले सोचे भन्दा समय शायद ढिलो भईसकेको छ भनि हामीले बुझेका छौ। हामी प्रार्थना गर्छौं, परमेश्वर, कि जसरी हामी यहाँ आउदछौ, यो विश्वास गर्दै कि शायद त्यहाँ केहि छ जुन पूरा गर्न सकिन्छ जसले मानिसहरुलाई मद्दत गर्नेछ, वा—वा त्यो अन्तिम भेडालाई समात्नेछ। हामी जान्दछौ, जब भेडाको बगाल पूरा हुन्छ, तब गोठालोले ढोका बन्द गर्नुहुनेछ।

71 जस्तो यो नोआको दिनमा थियो, जब परिवारको अन्तिम सदस्य भित्र ल्याईयो, परमेश्वरले ढोका बन्द गर्नुभयो। र तिनीहरुले कुटे अनि पिटे, तर यो धेरै ढिलो भईसकेको थियो। प्रिय परमेश्वर, उनीहरुसँग अवसर थियो।

तपाईले भन्नुभयो, "म भेडाको बगालको लागि ढोका हुँ।"

72 र कविको गीत कति आकर्षक छ, "के उन्नान्सय तपाईको लागि पर्याप्त छैन र? तर, होइन, त्यहाँ अझै एउटा थियो।" ऊ एउटा सानो कालो भेडा हुनसक्छ, वा उ सानो केहि पनि नहुनसक्छ, सानो पोथी वा भाले हुनसक्छ। तिनीहरु कहाँ छन् हामीलाई थाहा छैन, तर त्यो अन्तिम भित्र आउनुपर्दछ अनि त्यसपछि ढोका बन्द हुनेछ। ओ परमेश्वर, जसलाई सबैकुरा थाहा छ, यस बिहानीमा हाम्रो जीवन खोज्नुहोस्। र हामी जहाँ पनि जान सक्छौ हामीलाई त्यहाँ पठाउनुहोस्, ताकी हामीले त्यो अन्तिम एउटालाई भेट्न सकौ, कि ढोका बन्द हुनेछ र भेडासँग भित्र गोठालो पनि हुनेछ। प्रदान

गर्नुहोस्, प्रभु। यदि त्यहाँ त्यो एउटा आज यहाँ छ भने, यदि त्यो एउटा जो आउन पर्ने थियो...

73 "पिताले मलाई दिनुभएको सबै मकहाँ आउनेछन्। र मेरो पिताले नल्याएसम्म कोहि पनि आउन सक्दैन।"

74 र यदि त्यहाँ एउटा खिचाव छ, वा एउटा सानो भावना छ, ताकी यो नै समय हुनसकोस् कसैको लागि यहाँ श्रोताहरुमा, यहाँ वा तल, वा जहाँकहिँ पनि तिनीहरु हुनसक्छन्, तिनीहरुले जवाफ दिन सकून्, "हो, प्रभु, म त्यो सानो भौतारीरहेको मानिस हुँ जो टाढा भौतारिएको छु; र त्यो मेरो जीवनभर, लडेको छ। म—म—मलाई म आउनुपर्छ जस्तो लागेको थियो, तर आज म हारको पक्षमा झुण्डिरहेको छु। म माथि वा तल जान सक्दिन। म कुनै पनि बाटो जान सक्दिन।" ओ, महान गोठाला आउनुभएको होस्, नम्र हातबाट तल पुग्नुहोस् र त्यो एउटालाई सुरक्षित रुपमा भित्र ल्याउनुहोस्, उहाँको काँधमा राख्नुहोस् अनि त्यसलाई सुरक्षित फर्काएर ल्याउनुहोस्।

75 हुनसक्छ यहाँ एकजना हुनुहुन्छ, प्रभु, जो बिमार हुनुहुन्छ, उस्तै अवस्थामा हुनुहुन्छ, जुन चिकित्सकले भनेका छन्, "त्यहाँ गर्न सकिने केहि पनि छैन।" उसले यसबाट बचाउनको लागि धेरै कोशिष गर्यो, तर उनले यसलाई बचाउन सकेनन्। यो उसको पहुँचबाट बाहिर छ। त्यहाँ—त्यहाँ केहि पनि छैन जुन उसले गर्न सक्छ। उसको औषधि वा उसको चक्कुले त्यससम्म पुग्न सक्दैन। तर, ओ प्रभु, तपाईको महान् बाहुलीको लागि त्यहाँ केहि पनि टाढा छैन, र तपाईको वचन तपाईको हात हो। त्यसैले हामी प्रार्थना गर्छौं, प्रिय परमेश्वर, यस बिहान, हामीहरु तपाईसँग बोलिरहदा, कि तपाई तल आउनुहुनेछ र त्यस एकजनालाई लिनुहुनेछ जो बिमार र आफैलाई मद्दत गर्नसक्नुहुन्न, सबै वैज्ञानिक चिजहरुको पहुँचबाट बाहिर छ, चिकित्सकहरुबाट पर, तिनीहरु निको हुन सकेका होउन्। यसलाई प्रदान गर्नुहोस्, प्रभु।

76 जसरी हामीले दाऊदको बारेमा सोच्दछौ, जसरी उनलाई केहि भेडाहरुको लागि जिम्मेवारी दिईएको थियो, केवल थोरै। तर एकदिन एउटा भालु आयो र त्यो एउटा भेडालाई समात्यो अनि त्यसलाई बाहिर लग्यो, र त्यसलाई खान सक्थ्यो (जस्तो क्यान्सरले शरीरलाई खान्छ), वा एउटा ठूलो सिंहले। तर दाऊद, एउटा—एउटा राइफलमा पनि राम्ररी सुसज्जित थिएनन्, वा, एउटा तरवारवाला थिएन, तर केवल एउटा घुएत्रोमा, उनी

भेडाको पछि लागे। र जब उनले—सानो भेडालाई मार्न लागेको पशु भेट्टाए, उनले त्यसलाई घुएत्रोले मारे। बस एउटा साधारण हतियार जसमा एउटा छालाको टुक्रा र डोरी थियो, तर, उनमा यस प्रति आत्मविश्वास थियो।

77 हामी माफ्ष कोहि महान प्रतिभावान छैन, प्रभु। हामी साधारण मानिसहरु एउटा साधारण सानो प्रार्थना सहित आएका छौ, तर हामी यस बिहान पिताको भेडाको पछि आएका छौ। त्यस महिला जो सडकमा हिडेकी छिन्, दरिद्र भई, चुरोट पिउदै, चुरोटबाट शान्ती पाउन खोज्दै; त्यस पुरुष जसले गिलासको गन्ध लिएको छ र त्यसलाई पछाडि राख्न खोजेको छ, तर शत्रुले उसलाई कस्सेर जकडछ; त्यो केटा वा केटि जसले सहि गर्न खोजेको छ, जसले गलत कुराबाट अलग हुने बल पाउन सक्दैन; हामी प्रभु येशूको नाउँमा आउछौ, यस बिहान भेडालाई दावी गर्न। हामी शत्रुलाई इन्कार गर्छौं, किनभने यो सामान्य कुरा हो, प्रार्थनाको घुएत्रो, तर हामीहरु त्यो एउटालाई पिताको बगालमा फर्काएर ल्याउन जाँदैछौ, ताकि हामीले ती कुराहरुको लेखा दिन सकौ जुन हाम्रो हातमा सुम्पिएको छ। परमेश्वरको शक्तिले विश्वासलाई प्रहार गरेको होस्, तल मानिसहरुको हृदय, र त्यो हराएको प्राण आज बिहान फर्किएको होस्। यस जीवनको परीक्षाले उनलाई दूर लगेको होस्, उसलाई जान दिएको होस्। र उसले आफैलाई मालिकको काँधमा सुरक्षित भेट्टाएको होस्, सुरक्षामा फेरी बोकेर लगेको होस्। हामी यो येशूको नाउँमा माग्दछौ। आमेन।

78 तपाईहरु सबैलाई परमेश्वरले आशिष दिनुभएको होस्। तपाईहरुलाई भोलि नभेटेसम्म, म सेवालाई भाई शकरियनमा दिनेछु। [टेपमा रिक्त स्थान—सम्पा।]

[भाई ब्रन्हामले तेस्रो भाग समाप्त गर्नुहुन्छ—सम्पा।]

☆ ☆ ☆ ☆ ☆ ☆ ☆

79 यो, म—म आशा गर्छु कि तपाईले...कि मैले परमेश्वरको नजरमा र तपाईको अगाडि बढि अनुग्रह पाएको छु, यो विश्वास गर्न कि म यहाँ तपाईकहाँ केहि गलत भन्नको लागि खडा हुनेछु। मैले मेरो छप्पन्नौ जन्म दिवस काटेको छु, अर्को दिन। यो केवल एउटा बुढो मानिसको सन्देश मात्रै होइन। मैले यो म सानो छँदा देखिनै विश्वास गरे। र यदि यो सत्य होइन भने, म परमेश्वरसँग भएको पृथ्वीमा सबैभन्दा मूर्ख व्यक्ति भएको छु। मैले मेरो सम्पूर्ण जीवन यस कारणको लागि दिएको छु। र म यो इमानदारीताका

साथ भन्न चाहन्छु; यदि म सँग दस हजार जीवन हुन्थ्यो भने, म कहिल्यै मेरो धारणा परिवर्तन गर्ने थिईन।

80 अब, चंगाई हरेक व्यक्ति पहुँचमा छ। याद गर्नुहोस्, चंगाई तपाईमा छ। परमेश्वरले आरूमा हुने हरेक आरूहरुलाई त्यहाँ राख्नुभयो, जब उहाँले यसलाई बगैंचामा रोप्नुभयो। हेर्नुहोस्, तपाई केवल...आरूको रूख वा स्याउको रूख, या फलफूलको रूख, केवल हुर्किनुपर्थ्यो, पृथ्वीमा पानी पिएर। अब तपाईहरु प्रत्येकसँग तपाईमा ती क्षमताहरु छन्, तपाईलाई छुट्कारा दिनको लागि, किनकि यो परमेश्वर हुनुहुन्छ, किनकि तपाई बप्तिष्माद्वारा (पानीको बप्तिष्माद्वारा होइन), आत्मिक बप्तिष्माद्वारा ख्रीष्टमा रोपिनुभएको छ। तपाई ख्रीष्टमा पानीको बप्तिष्माद्वारा आउनुहुन्न। आत्मिक बप्तिष्माद्वारा!

81 भोलि दिउसो, प्रभुको इच्छा भए, म त्यसमा बोल्दैछु, यसको *कसरी* र *के* वास्तविक प्रयोग हुनसक्छ। तपाईसँग यो दिउँसो हुन्छ ताकी यसले तपाईको कुनै पनि सेवाहरुमा हस्तक्षेप गर्नेछैन।

82 अब हेर्नुहोस्, तपाईहरु प्रत्येक यहाँ विश्वासीको रूपमा खडा हुनुहुन्छ, हेर्नुहोस्, तब जीवन जुन ख्रीष्टमा थियो त्यो तपाईमा छ। यो सक्छ, यदि तपाईले केवल यो देख्न सक्नुहुन्छ भने!

83 तपाईलाई त्यसबाट रोक्ने, अन्धो पार्ने शैतानको काम हो। त्यसले तपाईलाई केवल अन्धो पार्नेछ, कि, हेर्नुहोस्, तब तपाई कहाँ जाँदै हुनुहुन्छ भनि तपाईलाई थाहा छैन। एउटा अन्धो मानिसले आफू कहाँ जाँदैछ भनि भन्न सक्दैन, उसले त्यस मानिसबाट समभ्क खोज्नुपर्छ जसले देख्न सक्दछ। हामीले नबुभ्कुन्जेलसम्म, कसैले हामीलाई सत्य के हो भनि बताईदिनुपर्छ।

84 र ख्रीष्ट तपाईको निम्ति मर्नुभयो, र तपाई संसारबाट ख्रीष्टमा प्रत्यारोपित हुनुभयो। र सबैकुरा जुन तपाईलाई आवश्यक छ त्यो ठिक तपाईभित्र छ, पवित्र आत्माको बप्तिष्माद्वारा। के त्यो सहि होइन? अब तपाईले केवल गर्न पर्ने एक मात्र कुरा त्यसबाट पिउनु हो।

85 र जसै रुखले पिउछ, त्यसले आफ्नो पातहरु, आफ्नो कोपिलाहरु बाहिर निकाल्न थाल्छ, हरेक वर्ष आफ्नो फलहरु निकाल्न थाल्छ। फल जमिनमा हुदैन; फल बिरुवामा हुन्छ। कतिजनाले त्यो बुभ्कनुहुन्छ, “आमेन” भन्नुहोस्। [मण्डलीले भन्छ, “आमेन।”—सम्पा।] त्यसैले, हेर्नुहोस्, फल

बोटमा हुन्छ, र हरेक बिरुवाले उहाँको मुहानबाट पिउनुपर्छ। जसै झरी तल आउछ, त्यो बिरुवालाई, जीवन दिन्छ, त्यसबाट पिउनको लागि। र, जसै यसले पिउछ, यो हुर्किन्छ।

86 र यो पूर्ण कोपिला नआउन्जेलसम्म हुर्किदैछ, मण्डलीको जस्तै, यस युगमा फुल्नको लागि।

87 र, जसै हामी पिउछौ, हामी हुर्किन्छौ। तर यदि बिरुवाले पिउनलाई इन्कार गर्छ भने, तब बिरुवा हुर्किन सक्दैन। र यदि तपाईले अहिले मात्र विश्वास गर्नुहुन्छ भने, व्यक्तिगत रूपमा!

88 पक्कै पनि, तपाईलाई थाहा छ कि प्रभुले कसरी गर्नुहुन्छ, फरक कुराहरु देखाउनुहुन्छ, सभामा, तपाईले के गर्नुभयो र के तपाईले गर्नुहुन्न थियो भनि, र त्यस्तै। हामी आशा गरिरहेका थियौ कि पवित्र आत्मा हामी माथि आउनुहुनेछ यस बिहानमा र हामी खडा हुदैगर्दा, यस्तो कामहरु गर्नुहुनेछ। तर मैले प्रतिक्षा गरिरहे।

89 मलाई लाग्छ यो आत्तिने भाग हो, यो सोच्दै कि तलकाहरुले हामीलाई यहाँबाट बाहिर निकाल्न चाहन्छन्, हेर्नुहोस्। तर तिनीहरुले हामीलाई खोजिरहेका छन्; हामी अब ढिला भएका छौ।

90 तर यो विश्वास गर्नुहोस्, तपाईको सम्पूर्ण हृदयले। कृपया गर्नुहोस्। यदि म—यदि मैले तपाईको दृष्टिमा अनुग्रह पाएको छु भने, एउटा सच्चा व्यक्तिको रूपमा, यो विश्वास गर्नुहोस्। अब आफ्नो हात एक—अर्कामा राख्नुहोस्।

91 अब हेर्नुहोस, अब, बाईबलले भनेको छैन, “यी चिन्हहरुले विलियम ब्रन्हामलाई पछ्याउछ।” यो भनेको छैन, “यसले मात्रै ओरल रोबर्ट्सलाई पछ्याउछ।” यसले “भाई कोप” वा “कसैलाई” पछ्याउनेछ भनेको छैन।

92 “यी चिन्हहरु तिनीहरुसँग हुनेछ,” बहुवचन, “जसले विश्वास गर्दछ। यदि तिनीहरुले आफ्नो हात बिरामी माथि राखे भने, तिनीहरु निको हुनेछन्।” यो त्यो परमेश्वरको शक्ति तपाईमा भएको हो, जसले तपाईले हात राख्नुभएको व्यक्तिमा जीवन ल्याउदछ, पवित्र आत्माको जीवन दिने श्रोत हो।

93 प्रिय परमेश्वर, येशू ख्रीष्टको नाउँमा यो निर्णायक घडीमा जब मण्डली... यस घडीमा तिनीहरु खडा हुन सकेका होऊन्, नआत्तिकन, र हुनसकोस् कि ख्रीष्टलाई चिहानबाट उठाउनुहुने शक्ति, तिनीहरुलाई ठिक अहिले

सुसमाचारको सत्यता बुजाएका होऊन्, जुन येशूको आज्ञा थियो, यदि तिनीहरुले “बिमारी माथि हात राखे भने, तिनीहरु निको हुनेछन्।” हुनसकोस् हरेक दुष्टको शक्ति, हरेक बिमारहरु, हरेक रोग, हरेक पीडा हरेक पिडा दिने कुरा जुन मानिसलाई भएको छ, ठिक अहिले यो विश्वासद्वारा हटेको होस्। विश्वास गर्ने मानिसको रूपमा, हामी यो येशू ख्रीष्टको नाउँमा माग्दछौ। आमेन।

94 अब आफ्ना हातहरु उचाल्नुहोस् अनि उहाँलाई प्रशंसा दिनुहोस्, यदि उहाँले यो गर्नुहुन्छ भनि तपाई विश्वास गर्नुहुन्छ भने।

95 प्रिय परमेश्वर, यो बच्चा मर्नेछ, प्रभु, यो गरिएन भने। म येशू ख्रीष्टको नाममा, यो गाँठको निन्दा गर्दछु। यसले निर्दोष बच्चालाई छोडेको होस्। आमेन।

अब, चिकित्सकहरुले कोशिष गरे, र तिनीहरु असफल भए। मात्र विश्वास गर्नुहोस्।

65-0424 दस लाखमा एक
क्लिफटनस् क्याफिटेरीया
लस एन्जलस, क्यालीफोर्निया यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org